बैठक संख्या: ६७
मिति: २०७९।०२।२८
स्थानः गाउँ कार्यपालिकाको कार्यालय
समय: साँझको ५:३० बजे

खुम्बु पासाङल्हामू गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको ६७ औं बैठक आज मिति २०७९।०२।२८ गते देहायका पदाधिकारी तथा सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

**उपस्थिति**

१ अध्यक्ष श्री मिङमा छिरी शेर्पा

२ उपाध्यक्ष श्री टासी ल्हमु शेर्पा

३ कार्यपालिका सदस्य श्री आङ फूर्वा शेर्पा

४ कार्यपालिका सदस्य श्री लक्ष्मण अधिकारी

५ कार्यपालिका सदस्य श्री नुरु जाङबु शेर्पा

६ कार्यपालिका सदस्य श्री पासाङ ग्याल्जेन शेर्पा

७ कार्यपालिका सदस्य श्री फुनुरु शेर्पा

८ कार्यपालिका सदस्य श्री ल्हाक्पा छिरी शेर्पा

९ कार्यपालिका सदस्य श्री आङ माया शेर्पा

१० कार्यपालिका सदस्य श्री ङिमा याङजिन शेर्पा

११ कार्यपालिका सदस्य श्री उमा बराईली

१२ कार्यपालिका सदस्य श्री ल्हाक्पा ग्याल्जेन शेर्पा

१३ कार्यपालिका सदस्य श्री पासाङ डोमा शेर्पा

१४ प्रमुख प्रशासकीय अधिकृत श्री मोहन प्रसाद चापागाईं

१५ लेखा अधिकृत श्री चेतनाथ कटेल

१६ सव ईञ्जिनियर श्री दिपकुमार बस्नेत

१७ प्रशासनिक कर्मचारी श्री छत्रबहादुर खड्का

**निर्णयहरु**

**निर्णय नं. १**

निर्माणाधीन ङिमदोर्जी शेर्पा पर्यटन सडकको खरिद सम्झौतामा तोकिएको माइलस्टोन अनुसारका कार्यहरु गर्न निर्माण व्यवसायी बिरुवा ए डि  जे भि सँग इलेक्ट्रिक डेटोनेटर  इमल्सन नभएका कारण खरिद गर्न नेपाल सरकारको अनुमति लिन समय लागेकाले निर्धारित समय भित्र कार्य सम्पन्न गर्न नसकिने भनी संशोधित कार्यतालिका संलग्न गरी निवेदन पेश गरेको र सो सम्बन्धमा यस कार्यालयबाट  स्वीकृतिका लागि  पेश भएकाले संशोधित कार्यतालिका स्वीकृत गरी माइलस्टोनको म्याद थप गर्ने ।

**निर्णय नं. २**

यस गाउँपालिकाका विषयगत समितिहरुबाट आगामी आ.व. २०७९।०८० का लागि तयार गरी पेश भएको वार्षिक नीति तथा कार्यक्रमहरु स्वीकृत गरी दोस्रो गाउँ सभाको प्रथम अधिवेशनको नीति तथा कार्यक्रममा प्रस्तुत गर्न स्वीकृति प्रदान गर्ने ।

**निर्णय नं. ३**

यस गाउँपालिकाको विधायन समितिबाट तयार गरी पेश गरेको वडा कार्यालयहरुको नागरिक वडापत्र स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस गाउँपालिकाको गाउँ सभाको अधिवेशनमा सचिवालयको रुपमा काम गर्न देहायका कर्मचारीहरुलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

देहाय

क) लेखा अधिकृत श्री चेतनाथ कटेल

ख) लेखापाल श्री छत्रबहादुर खड्का

ग) सव ईञ्जिनियर श्री ऋषिराज कुमार राम